# संवत् २०७९ साल भदौ ३१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०७९ साल असोज १ गते शनिबार राती १२:०० बजेदेखि अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |
| २. | अर्थ मन्त्रालय | सार्वजनिक संस्थान सुझाव समिति गठन अवधारणा पत्र २०७९ स्वीकृत गर्ने र संस्थान सुझावसम्बन्धी समिति गठन गर्ने। |
| ३. | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | विद्युत सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, संघीय संसदबाट फिर्ता लिन स्वीकृति दिने। |
| ४. | कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय | विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ५. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको अध्यक्ष पदमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यरत सहसचिव श्री कालीप्रसाद पराजुलीलाई तोक्ने। |
| ६. | गृह मन्त्रालय | २०७९ कात्तिक १ देखि ४ गतेसम्म नयाँ दिल्लीमा आयोजना हुन गईरहेको इन्टरपोलको ९० औं महासभामा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहलाई सहभागी हुन स्वीकृति दिने। |
| ७. | परराष्ट्र मन्त्रालय | संयुक्त अधिराज्यका महारानी एलिजावेथ द्वितीयको १९ सेप्टेम्बर २०२२ मा हुने राजकीय अन्त्येष्टिमा नेपालका तर्फबाट परराष्ट्र मन्त्री नेतृत्वको प्रतिनिधिमण्डलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ८. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राष्ट्रिय भूमि आयोग सदस्यहरूमा नवलपरासी (पश्चिम) पाल्हिनन्दन गाउँपालिका-२ का श्री सुदर्शन खरवारलाई नवलपरासी पश्चिमको र पोखरा महानगरपालिका-९ का सोमबहादुर नेपालीलाई कास्की जिल्लाको जिल्ला समितिको विज्ञ सदस्य पदमा नियुक्त गर्ने। |
| ९. | वन तथा वातावरण मन्त्रालय | कोहलपुर-सुर्खेत-दैलेख १३२ के.भी. प्रसारण आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने। |
| १०. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७९कात्तिक ८ र ९ मा जेनेभामा आयोजना हुने Commission on Science and Technology for Development (CSTD) Intersessional panel meeting मा सचिव (विज्ञान तथा प्रविधि) लाई भाग लिन स्वीकृति दिने। |
| ११. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरिषद्को २०७७/०७/२७ को निर्णय बमोजिम विराटनगर विमानस्थलका लागि १२६.४६ बिघा जग्गा अधिग्रहण गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणलाई स्वीकृति प्रदान गर्ने भन्ने निर्णय भएकोमा उक्त जग्गा प्राप्त नगर्ने। |

२०७९ भदौ २१ गतेको निर्णयमा छुट भएकोः

शहिद दशरथ चन्द स्वास्थ्य शिक्षा प्रतिष्ठानसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।